# संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचना समन्वय समिति

## समुहगत कार्यदलको कार्यविधि

२०७३

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

शासकीय सुधार महाशाखा

प्रशासन पुनःसंरचना शाखा सिंहदरवार

# विषयसूची


१ पृष्ठभूमी ........ १

२ उद्देश्य ........ १

३ कार्यदिश (ToR) ........ १

४ कार्यदलको कार्यसंचालन प्रक्रिया ........ २

५ कार्यदल गठन ........ ५

६ कार्यदलको लागि मार्गदर्शनहरु (Guidelines) ........ ६

७ कार्ययोजना ........ ६

८ विज्ञ सम्बन्धी व्यवस्था ........ १०

९ श्रोत साधन उपलब्धता, समन्वय तथा सहजिकरण ........ १०

१० अध्ययन परामर्श तथा निर्देशन कार्यदलको सचिवालय ........ १०

११ प्रोत्साहन सम्बन्धी ब्यवस्था ........ १०

१२ कार्यविधिमा वाधा अडकाउ फुकाउने व्यवस्था ........ १०

# संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचनासमन्वय समिति
# समूहगत कार्यदलको कार्यविधि, २०७३

## १ पृष्ठभूमी

नेपालको संविधान जारी भए पश्चात संबिधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुन :संरचनाको लागि आवश्यक नीतिगत, कानुनी, संरचनागत,जनशक्ति व्यवस्थापन,वित्तीय तथा प्रणालीगत अन्तर सम्बन्धको व्यबस्थाहरु गर्नु पर्ने भएको छ ।यहि प्रयोजनको लागि नेपाल सरकारबाटसम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन, पुन:संरचना निर्देशक समिति र नेपाल सरकारका मुख्य सचिवज्यूको संयोजकत्वमा संघीयता कार्यान्वयन तथा प्रशासन पुन :संरचना समन्वय समिति गठन भइ कार्य प्रारम्भ भइसकेको छ । नेपाल सरकारका मुख्य सचिवज्यूको संयोजकत्वमा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन, पुन:संरचना समन्वय समितिको मिति २०७३/०३/१५ गते सम्पन्न तेश्रो वैठकले नेपालको संविधानको अनुसूचि ५, ६, ७, ८ र ९ मा उल्लिखित अधिकारको सूची बमोजिम प्रशासन पुन :संरचना सम्वन्धी कार्यदिश सहित खाका तयार गर्न सामाजिक , आर्थिक, पूर्वाधार,सुरक्षा तथा शासकीय प्रबन्ध र संवैधानिक निकाय, संसद,कानून र अन्य गरी पाँचवटा क्षेत्रगत समुह (sector based cluster) पहिचान गरी प्रत्येक समुहको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सहसचिबहरुको संयोजकत्वमा छुट्टाछुट्टै समूहगत कार्यदल गठन गर्ने निर्णय गरेको छ ।उक्त निर्णय अनुरुप कार्यदलको गठन , कार्यदलको कार्यदिश (TOR),कार्यदलले अवलम्वन गर्ने कार्य संचालन प्रक्रिया रनिर्धारित समयसीमा सहितको कार्यबिधि अनुरुपकार्यदलको कामसम्पन्न गर्नेउद्देश्यले प्रस्तुत "संघीयता कार्यान्वयन तथा प्रशासन पुन :संरचना सम्बन्धी समुहगत कार्यदलकोकार्यविधि २०७३" तयार गरी प्रस्तुत गरिएको छ ।

## २उद्देश्य

यस कार्यबिधिको उद्देश्यनेपालको संविधान र संविधानको अनुसूचि ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ , प्रदेश र स्थानीय तहका एकल तथा सहवर्ती अधिकारहरुको सूचि बमोजिम प्रशासन पुन :संरचना सम्वन्धमा कार्य सम्पन्न गर्न समग्र बिषयहरुको आवश्यक अध्ययन/विश्लेषण गरी संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचनाको खाका तयार गर्न सहजीकरण गर्नुरहेकोछ।

## ३ कार्यदिश(ToR)

यस कार्यविधि वमोजिम गठित कार्यदलको कार्यदिश देहाय बमोजिम रहनेछ :

(क) प्रत्येक समूहगत कार्यदलले प्राप्त कार्यदिश बमोजिम निर्धारित समयसीमा भित्र कार्यसम्पन्न गर्न आ-आफ्नो कार्ययोजना तर्जुमा गरी पेश गर्ने ।

(ख) नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल तथा सहवर्ति अधिकार सूचीको आधारमा प्रत्येक तहले सम्पादन गर्ने कार्य जिम्मेवारीहरुको विस्तृत सूची तयार गर्ने ।

(ग) संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचना गर्ने सम्बन्धमा विभिन्न निकायहरुबाट आफ्नो समुह (Cluster) संगसम्बन्धित विषयमा हालसम्म भए/गरेका अध्ययन प्रतिवेदन तथा सुझाव, सिफारिसहरु र सोसँग सम्बन्धित तथ्यांक एवं सूचनाहरु संकलन गर्ने ।

(घ) नेपालको संविधान बमोजिम संघ , प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल र सहवर्ती अधिकारसूची बमोजिम प्रत्येक तहले सम्पादन गर्नुपर्ने कार्यजिम्मेवारीलाई क्रियाकलापमा पहिचान गरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको पूर्ण सूची (सहवर्ती अधिकारसूचीबाट प्राप्त अधिकार समेत) तयार गर्ने ।

(ङ) प्रत्येक समुहगत कार्यदलसँग सम्बन्धित मौजुदा संगठन , जनशक्ति, भौतिक र वित्तीय स्थितिको विवरण प्राप्त गरी संघ, प्रदेश र स्थानीय तहको तहगत प्रोफाइल तयार गर्ने ।

(च) संघ,प्रदेश र स्थानीय तहलाई निर्धारित कार्य जिम्मेवारीपूरा गर्न आवश्यक पर्ने सवै तहको संगठन संरचनाको खाका तयार गर्ने ।

(छ) संघ, प्रदेश र स्थानीय तहलाई निर्धारित कार्यजिम्मेवारी सम्पादन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायलाई आवश्यक पर्ने सवै सेवा समुहका जनशक्ति प्रक्षेपण गर्ने ।

(ज) संघ, प्रदेश, र स्थानीय तहका संगठन संरचना तथा जनशक्ति व्यवस्थापन गर्न नपुग (Deficit) तथा अधिक (Surplus) हुने संख्या यकिन गर्ने ।

(झ) अधिक (Surplus) हुने जनशक्तिलाइ नपुग (Deficit) हुने संघ, प्रदेश र स्थानीय तहको संगठन संरचनाहरुमा के कसरी बितरण र समायोजन गर्ने भन्ने सम्बन्धमा तत्कालिन , अल्पकालिन र दीर्घकालीन उपाय तथा बिधिहरु सहितको कार्ययोजना प्रस्तुत गर्ने।

(ञ) संविधानको धारा २८५ र ३०२ बमोजिम भावि सरकारी सेवाहरुको व्यवस्था गर्ने सम्बन्धमाआवश्यक पर्नेनीति, कानूनको निर्माण , परिमार्जन तथाविकासको लागि सरोकारवाला निकायहरुसंग आवश्यक सहयोग,समन्वय तथा सहजीकरण गर्ने ।

(ट) संघ, प्रदेश र स्थानीय तहलाई निर्धारित कार्यजिम्मेवारी सम्पादन गर्न हाल कायम रहेका सार्बजनिक संस्थानहरुलाई संघ, प्रदेश र स्थानीय तहमा कहाँ आवद्ध गराउने हो, सोको खाका तयार गर्ने ।


(ठ) संघीयता कार्यान्वयन तथा राज्य पुनःसंरचना सम्बन्धी तोकिएका अन्य कार्यहरु गर्ने ।

## ४कार्यदलको कार्यसंचालन प्रक्रिया


समुहगत कार्यदलले देहायको कार्यसञ्चालन प्रक्रिया अवलम्बन गरी कार्यसम्पादन गर्नेछ :

(क) कार्यदलले निम्नबमोजिमको कार्य प्रवाह ढाँचा (Flow chart) मा रही विभिन्न पक्षहरुसंग सम्पर्क,अन्तरक्रिया र समन्वय गरी कार्य सम्पन्न गर्नेछ ।

## संघियता कार्यान्वयन तथा प्रशासन पुनसंरचना कार्यदलको संरचनागत ढाँचा



## कार्यप्रवाह




(ख) विज्ञ समुहले आफु सम्बद्ध समुहगत कार्यदलसंग रही छलफलमा सहभागी भइ निश्कर्ष प्राप्त भएका विषयहरुलाई लिपिवद्ध गरी समुहगत कार्यदलको आगामी वैठकमा प्रतिवेदन प्रस्तुत गर्ने।

(ग) समुहगत कार्यदलले विज्ञ समहूको सहयोग लिने साथै सम्बद्ध मन्त्रालय/निकायका पदाधिकारी र स्वतन्त्र विषय विज्ञलाई आमन्त्रण गरी छलफल/ अन्तरक्रिया गरी निष्कर्ष बनाउदै जाने ।

(घ) समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समितिले समुहगत कार्यदलहरुलाई आवश्यक सहजीकरण एवं समन्वय गर्ने साथै प्राप्त प्रतिवेदन उपर अध्ययन गरी सुझाव दिने र सबै कार्यदलहरुबाट पेश भएका प्रतिवेदनहरुको एकिकृत प्रतिवेदन संघीयता कार्यान्वयन तथा प्रशासन पुन :संरचना समन्वय समिति समक्ष पेश गर्ने ।

(ङ) संघीयता कार्यान्वयन तथा प्रशासन पुन :संरचनासमन्वय समितिले आफ्नो TOR भित्रको विषयमा सम्बन्धित मन्त्रालय/निकायहरुलाई निर्देशन दिने र अन्यको हकमा FIAR निर्देशक समितिमा पेश गर्ने ।

(च) FIAR निर्देशक समितिले निर्णय गरीTOR बमोजिम सम्बन्धित पक्षलाई कार्यान्वयनका लागि निर्देशन दिने ।

## ५ कार्यदल गठन

माथि उल्लिखित कार्यप्रक्रिया अवलम्बन गरी स्वीकृत कार्यदिश बमोजिम कार्य सम्पन्न गर्न देहाय बमोजिम समुहगत कार्यदलहरु रहनेछन

| क्र.सं. | समुह | क्षेत्र | समुहगत कार्यदल |
|---|---|---|---|
| १ | सामाजिक | शिक्षा, महिला, वालबालिका तथा समाजकल्याण, स्वास्थ्य, जनसंख्या तथा वातावरण, वन तथा भु संरक्षण, शान्ति तथा पुननिर्माण, संस्कृति, युवा तथा खेलकुद । | १.संयोजक- सहसचिव रामेश्वर दंगाल<br>२.सदस्य- सहसचिव डा. हरि लम्साल<br>३.सदस्य- सहसचिव महेन्द्र श्रेष्ठ<br>४.सदस्य- सहसचिव राजेन्द्र काफ्ले<br>५.सदस्य- सहसचिव रामप्रसाद लम्साल<br>**सहयोग गर्ने विज्ञ समुह** |
| २ | आर्थिक | अर्थ, वाणिज्य, आपूर्ति, उद्योग, कृषि तथा पशुपंक्षी, श्रम तथा रोजगार, राष्ट्रिय योजना आयोग, सहकारी तथा गरिवी निवारण, पर्यटन तथा नागरिक उड्डयन। | १.संयोजक- सहसचिव वुद्धि बहादुर खडका<br>२.सदस्य- सहसचिव डा. तिर्थराज ढकाल<br>३.सदस्य रामशरण पुडासैनी<br>४.सदस्य- सहसचिव दिनेश घिमिरे<br>५.सदस्य- सहसचिवआनन्दराज ढकाल<br>६.सदस्य- सहसचिव मुकुन्द पौडेल<br>७.सदस्य- सहसचिव काशिराज दाहाल<br>८.सदस्य- सहसचिव घनश्याम उपध्याय<br>९.सदस्य- सहसचिव नागेन्द्र झा<br>१०.सदस्य- सहसचिव हरिबाबु तिवारी<br>**सहयोग गर्ने विज्ञ समुह** |

| | | | |
|---|---|---|---|
| ३ | पूर्वाधार | जलश्रोत, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, खानेपानी तथा सरसफाई, सूचना तथा संचार, विज्ञान तथा प्रविधि । | १.संयोजक- सहसचिव उत्तर कुमार खत्री<br>२.सदस्य- सहसचिव माधव वेलवासे<br>३.सदस्य- सहसचिव देवेन्द्र कार्की<br>४.सदस्य- सहसचिव खोमराज कोइराला<br>५.सदस्य- सहसचिव रवि शाह<br>**सहयोग गर्ने विज्ञ समुह** |
| ४ | सुरक्षा तथा शासकीय प्रवन्ध | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सँग सम्वन्धीत विषय क्षेत्र, गृह, रक्षा, परराष्ट्र सार्वजनिक प्रशासन संघीय मामिला तथा स्थानिय विकास,भुमि व्यवस्थापन | १.संयोजक- सहसचिव विनोद कुवँर<br>२.सदस्य- सहसचिव निता पोखरेल<br>३.सदस्य- सहसचिव वलराम रिजाल<br>४.सदस्य- सहसचिव कृष्णवहादुर राउत<br>५.सदस्य- सहसचिवगोपी खनाल<br>६.सदस्य- सहसचिव इश्वरराज पौडेल<br>**सहयोग गर्ने विज्ञ समुह** |
| ५ | संवैधानिक निकाय, संसद,कानून र अन्य | संबैधानिक निकायहरु, संसद,कानुन न्याय तथा संसदीय मामिला र अन्य | १.संयोजक- सहसचिव रमेश ढकाल<br>२.सदस्य- सहसचिव किरणराज शर्मा<br>३.सदस्य- सहसचिव वीर वहादुर राई<br>४.सदस्य- सहसचिव वेगेन्द्र शर्मा पौडेल<br>५.सदस्य- सहसचिव फणिन्द्रराज गौतम<br>६.सदस्य- सहसचिव बाबुराम गौतम<br>७.सदस्य- सहसचिव डा. भरत प्रसाद गौतम<br>८.सदस्य- सहरजिष्टार विपुल न्यौपाने<br>**सहयोग गर्ने विज्ञ समुह** |

## ६ कार्यदलको लागि मार्गदर्शनहरु(Guidelines)

यस कार्यविधि बमोजिम गठित समुहगत कार्यदलले देहायका मार्गदर्शनको आधारमा कार्यसम्पादन गर्नेछ :

(क) नेपालको संविधान ।

(ख) नेपाल सरकारवाट मिति २०७३।३।२ मा स्वीकृत संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धी कार्ययोजना ।

(ग) उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना निर्देशक समिति र संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले विभिन्न मितिमा गरेका निर्णय एवं निर्देशनहरु।

## ७ कार्ययोजना

(क)कार्यदल गठन तथा पूर्व तयारी

| क्र.सं. | क्रियकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/पदाधिकारी | समय सीमा |
|---|---|---|---|---|
| १ | संघीयता कार्यान्वयन तथा प्रशासन पुन: संरचना समन्वय | शासकीय सुधार महाशाखा, OPMCM | सामान्य प्रशासन मन्त्रालय | २०७३ असार १० भित्र |

| | | | | |
|---|---|---|---|---|
| | समिति (FIARCC)मा पेश गर्न प्रस्तुत कार्यदल गठन र कार्यसंचालनको लागि कार्यविधि तर्जुमा। | | | |
| २ | संघीयता कार्यन्वयन तथा प्रशासन पुन: संरचना समन्वय समिति (FIARCC)को बैठक आयोजना गर्ने | शासकीय सुधार महाशाखा हेर्ने सचिव, OPMCM | संघीयता हेर्ने महाशाखा | २०७३ असार १५ गते भित्र |
| ३ | समुहगत कार्यदलका लागि विज्ञहरु उपलब्ध गराउन संघीयता कार्यन्वयन तथा प्रशासन पुन: संरचना समन्वय समिति (FIARCC) बाट सम्बन्धित निकायलाई निर्देशन गर्ने । | सामान्य प्रशासन मन्त्रालय | संघीयता हेर्ने सचिव, OPMCM | २०७३ असार २२ गते भित्र |
| ४ | कार्यदलमा रहने नेपाल सरकारका सहसचिवहरु तोक्ने। | संघीयता कार्यन्वयन तथा प्रशासन पुन: संरचना समन्वय समिति (FIARCC) | संघीयता हेर्ने सचिव, OPMCM र सामान्य प्रशासन मन्त्रालयको सचिव | २०७३ असार २२ गते भित्र |
| ५ | कार्यदलमा रहने विज्ञ र कर्मचारीहरुलाई अभिमुखिकरण | संघीयता कार्यन्वयन तथा प्रशासन पुन: संरचना समन्वय समिति (FIARCC) | संघीयता हेर्ने सचिव, OPMCM,MoGA,MoFALD,MoF, MoLJPA | २०७३ असार मसान्त भित्र |
| ६ | कार्यदलमा रहने कर्मचारीहरुलाई दिइने प्रोत्साहन व्यबस्था सम्बन्धि निर्णय । | संघीयता कार्यन्वयन तथा प्रशासन पुन: संरचना समन्वय समिति (FIARCC) | संघीयता हेर्ने सचिव, OPMCM , सामान्य प्रशासन र अर्थ मन्त्रालयको सचिव | २०७३ असार २५ गते भित्र |
| ७ | कार्यकक्ष र भौतिक स्रोत साधनको व्यवस्था मिलाउने | सामान्य प्रशासन मन्त्रालय | संघीयता हेर्ने सहसचिव, OPMCM | २०७३ असार मसान्त भित्र |
| ८ | कार्यदलहरुले कार्यशुरु गर्ने | सबै समूहगत कार्यदलहरु | OPMCM को संघीयता हेर्ने महाशाखा र MoGA | २०७३ साउन १ गतेदेखि |

(ख) कार्यदलको लागि निर्धारित कार्यदिश बमोजिम कार्य सम्पादन गर्ने कार्ययोजना

| सि न | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/पदाधिकारी | समयसीमा |
|---|---|---|---|---|
| १ | प्रत्येक समूहगत कार्यदलले प्राप्त कार्यदिश बमोजिम निर्धारित समयसीमा भित्र कार्यसम्पन्न गर्न | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | २०७३ साउन ७ भित्र |

| | | | | |
|---|---|---|---|---|
| | आ-आफ्नो कार्ययोजना तर्जुमा गरी पेश गर्ने । | | | |
| २ | नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल तथा सहवर्ति अधिकार सूचीको आधारमा प्रत्येक तहले सम्पादन गर्ने कार्यको विस्तृतसूची तयार गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | साउन मसान्त भित्र |
| ३ | संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचना गर्ने सम्बन्धमा विभिन्न निकायहरुबाट आफ्नो समुह (Cluster) संगसम्बन्धित विषयमा हालसम्म भए गरेका अध्ययन तथा सुझाव , सिफारिसहरु र सो सँग सम्बन्धित तथ्यांक एवं सूचनाहरु संकलन गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | भाद्र १५ भित्र |
| ४ | नेपालको संविधान बमोजिम संघ , प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल र सहवर्ती अधिकारसूची बमोजिम प्रत्येक तहले सम्पादन गर्नुपर्ने कार्यजिम्मेवारीलाई क्रियाकलापमा पहिचान गरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको पूर्ण सूची (सहवर्ती अधिकारसूचीबाट प्राप्त अधिकार समेत) तयार गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | कार्तिक ७ भित्र |
| ५ | क्षेत्रीय प्रशासन कार्यालयहरुले प्रदेशस्तरका संरचना र दरबन्दीको खाका पेश गर्ने | सम्बन्धित क्षेत्रीय प्रशासक | OPMCM को संघीयता हेर्ने महाशाखा | |
| ६ | प्रत्येक समुहगत कार्यदलसँग सम्बन्धित मौजुदा संगठन , जनशक्ति भौतिक र वित्तीय स्थितिको विवरण प्राप्त गरी संघ , प्रदेश र स्थानीय तहको तहगत प्रोफाइल तयार गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | मंसीर ७ भित्र |

| | | | | |
|---|---|---|---|---|
| ७ | संघ, प्रदेश र स्थानीय तहलाई निर्धारित कार्यजिम्मेवारी पुरागर्न आवश्यकपर्ने सबै तहको संगठन संरचनाको खाका तयार गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | पुष मसान्त भित्र |
| ८ | संघ, प्रदेश र स्थानीय तहलाई निर्धारित कार्यजिम्मेवारी सम्पादन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायमा आवश्यक पर्ने सबै सेबा समूहका जनशक्ति प्रक्षेपण गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | माघ मसान्त भित्र |
| ९ | संघ, प्रदेश र स्थानीय तहका संगठन संरचना तथा जनशक्ति व्यबस्थापन गर्न नपुग (Deficit) तथा अधिक (Surplus) हुने संख्या यकिन गर्ने। | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | चैत १५ भित्र |
| १० | अधिक (Surplus) हुने जनशक्तिलाइ नपुग (Deficit) हुने संघ, प्रदेश र स्थानीय तहको संगठन संरचनाहरुमा के कसरी बितरण र समायोजन गर्ने भन्ने सम्बन्धम तत्कालिन, अल्पकालिन र दीर्घकालीन उपाय तथा बिधिहरु सहितको कार्ययोजना पेश गर्ने। | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | २०७४ वैशाख १५ भित्र |
| ११ | संबिधानको धारा २८५ र ३०२ बमोजिम भावी सरकारी सेबाहरुको ब्यबस्था गर्ने सम्बन्धमा आवश्यक पर्ने नीति , कानूनको निर्माण, परिमार्जन तथा विकासको लागि सरोकारवाला निकायहरुसंग अवश्यक पृष्ठपोषण, समन्वय तथा सहजीकरण गर्ने । | सम्बन्धित समुहगत कार्यदल तथा विज्ञ समुह | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | अवश्यकता अनुसार निरन्तर |
| १२ | एकिकृत प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने | संघीयता कार्यान्वय तथा प्रशासन पुनःसंरचना समन्वय समिति | समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समिति | २०७४ जेठ मसान्त भित्र |

**८ विज्ञ सम्बन्धी ब्यवस्था**

(क) प्रत्येक समुहगत कार्यदलमा १ जना टिमलिडर र आवश्यकता अनुसार थप विज्ञहरुको सहभागिता रहनेछ ।

(ख) प्रत्येक समुहगत कार्यदलमा रहने टिमलिडर सहितको विज्ञहरु सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउनेछ।

(ग) सबै टिमलिडर तथा विषय विज्ञहरुले तोकिएको कार्यादिश बमोजिम सम्बन्धित समुहगत कार्यदलसंग रही कार्य गर्नेछन् ।

**९ श्रोत साधन उपलब्धता, समन्वय तथा सहजीकरण**

(क) कार्यदलहरुको नियमित कार्य सञ्चालनको लागि आवश्यक पर्ने कार्यस्थल (Space) लगायत अन्य सहयोग (Logistic Support) सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउनेछ ।

(ख) कार्यदलले कार्यादेश बमोजिम सम्पादन गर्ने कामको सिलशिलामा अन्य कुनैनिकाय तथा पदाधिकारीहरुसंग समन्वय तथा सहजीकरण गर्नु पर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट आवश्यक समन्वय गरिनेछ

**१० समुहगत कार्यदल व्यवस्थापन तथा समन्वय समितिकोसचिवालय**

प्रत्येक कार्यदलले गर्ने कार्यमा आवश्यक सहयोग, समन्वय, सहजीकरण, अनुगमन, परामर्श तथा निर्देशन दिने प्रयोजनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (संघीयता हेर्ने)को संयोजकत्वमा रहेको समूहगत कार्यदल ब्यबस्थापन तथा समन्वय समितिको सचिवालयको कार्यप्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,प्रशासन पुनःसंरचना शाखाले गर्नेछ ।

**११ प्रोत्साहन सम्बन्धी ब्यवस्था**

समूहगत कार्यदल ब्यबस्थापन तथा समन्वय समिति , सो को सचिवालय रसमुहगत कार्यदलहरुमा काम गर्ने सबै तहका कर्मचारीहरुले कार्यालय समय अतिरिक्त विहान, बेलुका र बिदाको दिनमा कार्य गर्नु पर्दा प्रोत्साहन स्वरुप नियमानुसार वैठक भत्ता उपलब्ध गराइनेछ ।

**१२ कार्यविधिमा वाधा अडकाउ फुकाउने व्यवस्था**

प्रस्तुत कार्यविधिमा कुनै विषय थपघट गर्नु पर्ने देखिएमा संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले आवश्यक थपघट गर्न सक्नेछ । सो समितिले आवश्यक देखेका अन्य कार्यहरु सम्पादन गर्न गराउन सक्नेछ ।